# नेपालमा बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम-नेपाल)
## मासिक कार्यसम्पादन पत्र

महिना : डिसेम्बर वर्ष : ४ अंक : १२

### १.नेपाली सिनेमामा बालबालिका विषयक प्यानल छलफल सम्पन्न :




१३ डिसेम्बर २०२५: कन्सोर्टियम नेपाल र मानव अधिकार चलचित्र केन्द्रको संयुक्त आयोजनामा नेपाली सिनेमामा बालबालिका विषयक प्यानल छलफल सम्पन्न भएको छ । छलफलको सहजिकरण कन्सोर्टियम नेपालका अध्यक्ष प्रदिप कुमार लामिछानेले गर्नुभएको थियो भने प्यानलिष्टको रुपमा लेखक एवं कलाकार केदार घिमिरे, लेखक, निर्देशक एवं निर्माता सुजित बिडारि, बाल अधिकारकर्मी मन्दिरा श्रेष्ठको उपस्थिति रहेको थियो ।

नेपालमा मानव अधिकार अन्तराष्ट्रिय चलचित्र महोत्सव २०२५ को अवसरमा आयोजित कार्यक्रामा ६० जना बाल अधिकारकर्मी र सिनेमाकर्मीहरुको उपस्थिति रहेको थियो । कार्यक्रमा सिनेमाकर्मीद्धयले सिनेमा निर्माणका क्रममा बाल सहभागिता गराउदाको अनुभवलाई प्रस्तुत गर्नुभएको थियो । छलफलको क्रममा सिनेमामा बालबालिकाको सहभागिता गराउदा उनिहरुको संरक्षणलाई ख्यालगर्नुपर्ने जोड दिईएको थियो । बालअधिकारकर्मी मन्दिरा श्रेष्ठले सिनेमा निर्माण प्रकृयामा



बालबालिकाको फोकल पर्सन ( सम्पर्क व्यक्ति) तोक्ने, बालबालिकालाई काम सँगै आराम गर्न दिने जस्ता संरक्षणका सवालहरु उठान गर्नुभएको थियो । बाल अधिकार सबैको सरोकार हो त्यसैले बाल अधिकार र संरक्षण सबैले बुझ्न जरुरी छ भन्ने विषयमा पनि छलफल केन्द्रित थियो ।

अन्त्यमा सबै सहभागिहरुले बाल संरक्षणको विषयमा प्रतिबद्धता जाहेर व्यक्त गर्नुभयो ।



कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२७ participation.consortium@gmail.com, Consortium Nepal

## २. मानव अधिकार दिवसमा कन्सोर्टियम नेपालको सहभागिता:

१० डिसेम्बर २०२५: ७७औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस २०२५ को अवसरमा आयोजित र्‍याली र सँगै उद्घाटन सत्रको कार्यक्रममा विभिन्न सरोकारवालासँग ऐक्यबद्ध भई कन्सोर्टियम नेपाल सहभागी भएको थियो । यस अवसरमा मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनका लागि सामूहिक प्रतिबद्धता व्यक्त गरिएको थियो ।

कन्सोर्टियम नेपाल सबैका लागि मानव अधिकारको सुनिश्चितता गर्न निरन्तर रूपमा प्रतिबद्ध रहँदै आएको छ र आगामी दिनहरूमा पनि मानव अधिकार प्रवर्द्धनका लागि प्रतिबद्ध रहन्छ भन्ने सन्देश दिएको छ ।







### सदस्य संस्थाद्वारा संचालित गतिविधिहरु

## १. मध्यविन्दु, कावासोती र नवलपुरको विभिन्न विद्यालयमा डिजिटल सुरक्षा सम्बन्धी तालिम सम्पन्न

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा मध्यविन्दु, कावासोती र नवलपुरको विभिन्न विद्यालयमा डिजिटल सुरक्षा सम्बन्धी तालिम सम्पन्न भएको छ। “Unite to end digital violence against all women and girls” भन्ने अन्तर्राष्ट्रिय नारा तथा “प्रविधिको सही प्रयोग गरौं, लैङ्गिक हिंसा अन्त्य गरौं” भन्ने राष्ट्रिय नाराका साथ आयोजित तालिममा किशोरकिशोरीहरूलाई अनलाइन सुरक्षा र डिजिटल हिंसा न्यूनीकरणका विषयमा विस्तृत प्रशिक्षण दिइएको छ ।



जागृति बाल तथा युवा सरोकार नेपाल, क्यान्नलान, PPDC नेपाल, एशिया सेन्टर, कन्सोर्टियम नेपाल, बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान तथा राष्ट्रिय बालमैत्री स्थानीय शासन फोरम को संयुक्त आयोजनामा तथा विद्यालयको समन्वयमा भएको कार्यक्रममा बालक्लवका प्रतिनिधिहरुले सभाध्यक्षता गरेका थिए ।

विभिन्न विद्यालयमा भएको कार्यक्रममा बालबालिका, विद्यालयका शिक्षक र जागृति बाल तथा युवा सरोकार नेपालको उपस्थिति रहेको थियो ।

## २. धनकुटामा लैङ्गिक हिंसा सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न

प्रविधिको सहि प्रयोग गरौं, लैङ्गिक हिंसा अन्त्य गरौं, भन्ने नाराका सामुदायिक बिकास मञ्च नेपाल, धनकुटा तथा महिला मानव अधिकार रक्षक सञ्जाल, धनकुटाको संयुक्त आयोजना र बिद्यार्थी कल्याण समिति, धनकुटा बहुमुखी क्याम्पसको सहकार्यमा सम्पन्न लैङ्गिक हिंसा बिरूद्धको सचेतना अभियानको आयोजना गरेको छ । अभियानको नवौ दिन लैङ्गिक हिंसा सम्बन्धी सचेतना कार्यक्रममा धनकुटा बहुमुखी क्याम्पसको ब्यवस्थापन संकायमा अध्ययनरत प्रथम वर्षका बिद्यार्थीहरूको सहभागितामा आयोजना गरिएको थियो । कार्यक्रम धनकुटा बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख होम बहादुर बस्नेतज्यूको प्रमुख आतिथ्यता र महिला मानव अधिकार रक्षक सञ्जाल धनकुटाका अध्यक्ष सुमना तिम्सिनाको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा सहजकर्ता को रुपमा सामुदयिक विकास मञ्च नेपाल धनकुटाका कार्यकारी निर्देशक केदार दाहालले लैङ्गिकतामा आधारीत हिंसा र डिजिटल मिडिया मार्फत हुने हिंसा बिषयमा सहजिकरण गर्नु भएको थियो । २०८२ साल पौष १७ गते सम्पन्न कार्यक्रममा धनकुटा बहुमूखी क्याम्पसमा स्नातक तह प्रथम बर्षमा अध्ययनरत ५४ जना बिद्यार्थीहरुको सहभागिता रहेको थियो ।




कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२७
participation.consortium@gmail.com,
Consortium Nepal

## ३.बालबालिकाको शिक्षा अधिकारलाई व्यवहारिक रूपमा सुनिश्चित गर्न विद्यालयहरूबिच अन्तरक्रिया कार्यक्रम सम्पन्न




बालबालिकाको शिक्षा अधिकारलाई व्यवहारिक रूपमा सुनिश्चित गर्ने तथा कार्यान्वयनमा देखिएका चुनौतीहरूको पहिचान गर्ने उद्देश्यले चिल्ड्रेन-नेपाल,पोखराको आयोजनामा साझेदार विद्यालयहरूबिच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा पोखरा महानगरपालिका भित्रका १३ ओटा साझेदार विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा प्रधानाध्यापकहरूको सहभागिता रहेको थियो . कार्यक्रममा चिल्ड्रेन-नेपालका वरिष्ठ कार्यक्रम अधिकृत शिव शर्मा चापागाईं र कार्यक्रम संयोजक रमेश सुबेदीले सहजीकरण गर्नु भएको थियो ।

अन्तरक्रियामा नेपालको संविधानले व्यवस्था गरेको अनिवार्य तथा नि:शुल्क शिक्षाको मौलिक अधिकार, दिगो विकास लक्ष्य अन्तर्गतको गुणस्तरीय शिक्षा, तथा बालबालिका सम्बन्धी ऐन २०७५ लगायत शिक्षा क्षेत्रसँग सम्बन्धित नीति तथा कानुनी प्रावधानबारे विस्तृत छलफल गरिएको थियो ।

साथै शिक्षा अधिकारको कानुनी आधार, विद्यालय तहमा यसको कार्यान्वयन अवस्था र स्थानीय तहको भूमिकामाथि विशेष जोड दिइएको थियो । कार्यक्रममा विद्यालय व्यवस्थापन समिति अध्यक्ष र प्रधानाध्यापकहरूले आफ्ना विद्यालयमा शिक्षा अधिकार कार्यान्वयनका क्रममा अपनाइएका असल अभ्यास, सामना गर्नुपरेका चुनौती र विद्यमान समस्याबारे प्रस्तुति दिएका थिए ।

छलफलका क्रममा आर्थिक अभाव, अभिभावकको न्यून सहभागिता, विद्यार्थीको अनियमित उपस्थिति, भौतिक पूर्वाधारको कमी, शिक्षक व्यवस्थापन र नीतिगत अस्पष्टता जस्ता समस्या प्रमुख रूपमा उठाइएका थिए ।

## ४. बालक्लब पुर्नगठन र बाल सहभागिता:

बाल सहभागिताको मर्मलाई प्रत्याभूत गराउने, बालबालिकासँग सरोकार राख्ने विषय तथा योजना तर्जुमादेखि कार्यान्वयनको तहसम्म बालबालिकाको अर्थपूर्ण सहभागिताको दिगो आधार सृजना गराउँदै


कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२७
participation.consortium@gmail.com,
Consortium Nepal

अर्थपूर्ण बाल सहभागिताको प्रत्याभूतिको लागी बालक्लब पुर्नगठन तथा बाल संरक्षण र बाल सहभागीताका सवालहरुमा अनुशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ ।

चिल्ड्रेन नेपाल पोखराले आयोजना गरेको कार्यक्रममा १२ वटा बालक्लबहरु पुर्नगठन भएको हो ।

## ५. बाल क्लबका पदाधिकारीहरूलाई अभिमुखीकरण कार्यक्रम

२० डिसेम्बर २०२५, कानुनी साक्षरता नेपालले ललितपुरको नख्खुस्थित सामाजिक सेवा अध्ययन संस्थान मा “बाल अधिकार तथा संरक्षण” विषयक अभिमुखीकरण कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको छ । कार्यक्रमको उद्देश्य टोखा नगरपालिकाका बाल क्लबका पदाधिकारीहरूलाई बाल अधिकार, बाल संरक्षणका संयन्त्रहरू तथा विद्यालयमा शारीरिक दण्ड सजायको अन्त्य सम्बन्धी विषयमा सचेत बनाउँदै अर्थपूर्ण बाल सहभागितालाई प्रवर्द्धन गर्नु थियो ।

कार्यक्रमअन्तर्गत ओमप्रकाश सेन ठाकुरीद्वारा सहजीकरण गरिएको शारीरिक दण्ड सजायसम्बन्धी छलफलमा सहभागीहरूले विद्यालयमा विद्यमान विभेदपूर्ण अनुशासनात्मक अभ्यास, कपाल तथा पहिरनसम्बन्धी असमान मापदण्ड र केही निजी विद्यालयहरूमा अझै प्रयोग भइरहेका शारीरिक दण्ड सजायबारे आफ्ना अनुभव र चिन्ता व्यक्त गरेका थिए । साथै, प्रकाश शर्माद्वारा सहजीकरण गरिएको सत्रमा कानुन निर्माण तथा राष्ट्रिय कानुनी प्रक्रियामा बालबालिकाको भूमिका, दबाब समूहका रूपमा बाल सहभागिताको महत्वमाथि जोड दिइएको थियो । स्रोत व्यक्ति डा. देवकी आचार्यले बाल अधिकार तथा बाल संरक्षणसम्बन्धी प्रस्तुतीकरण प्रस्तुत गर्दै लक्षित समूह छलफल सञ्चालन गर्नुभएको थियो । फ्रान्स र संयुक्त अधिराज्यबाट आएका अतिथि स्रोत व्यक्तिहरूसँग विद्यालय प्रणाली, बाल क्लबको भूमिका र बाल अधिकारसम्बन्धी विषयमा अनुभव आदान-प्रदान समेत गरिएको यस कार्यक्रममा सहभागीहरूले शारीरिक दण्ड सजायको विरोध गर्ने र बालमैत्री तथा सुरक्षित शैक्षिक वातावरण प्रवर्द्धन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

## ६. सबल नेपालद्धारा बाल अधिकार र बाल सहभागिता सम्बन्धी विभिन्न कार्यक्रम सम्पन्न :

६.१. ३४औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा राजविराज नगरपालिका, स बल नेपाल, समाबेशी अपांग संघ सप्तरी, सप्तरी बहिरा संघ लगायत अन्य संघ संस्थाहरुद्वारा संयुक्त रुपमा एक कार्यक्रमको आयोजना गरि अपाङ्गता भएको व्यक्तिहरुको सम्मान तथा न्यानो कम्बल एबं शैक्षिक सामग्री बितरण गरिएको छ । उक्त कार्यक्रममा विद्यालयमा रहेका २० जन अपाङ्गता भएको बालबालिकाको

सहजताको लागि झोला, कपी र डट पेन सरोकारवालाहरुको उपस्थितिमा वितरण गरिएको थियो ।

६.२ १६ डिसेम्बर २०२५, सप्तरीको नुमाननगर कंकालिनि नगरपालिकाको महिला बाल बालिका तथा जेष्ठ नागरिक शाखाको आयोजनामा र सबल नेपाल राजविराज सप्तरीको सहजीकरणमा समुदाय स्तरीय १४ वटा बाल क्लब गठन भएको छ, बाल क्लब गठनको प्रकृयामा बालबालिकाहरुले भोगेको समस्यहरुको पहिचान, बाल अधिकार, बाल क्लबको आवस्यकता, बाल क्लबको भूमिका र पदाधिकारीहरुको भूमिका सन्दर्भमा सचेतना भएको थियो, उक्त गठन कार्यमा ६० जना बालबालिकाहरुको उपस्थिमा रहेको थियो ।

६.३. ३१ डिसेम्बर २०२५, बिष्णपुर गाउपालिका र तिलाठी कोईलाडी गाउपालिकाको अगुवाई तथा आयोजनामा साथै सेभ द चिल्ड्रेन र सेभ द सप्तरीको प्राविधिक सहयोगमा दुवै पालिकालाई बाल विवाह मुक्त गाउपालिका घोषणा गरिएको छ, उक्त पलिकालाई घोषणा गर्न पूर्व सम्पूर्ण सूचकहरु पुरा गर्न सर्वेक्षण, सचेतना, अनुगमन र समिक्षा कार्यहरु गरिएको थियो ।



## कन्सोर्टियम नेपालले डिसेम्बर २०२५ मा सहभागिता जनाएका विविध कार्यक्रमहरुको विवरण

| | | |
|---|---|---|
| १. | DKA's Partners Meeting | Social Work Institute |
| २ | Right to Participation of Children and Young People | Nepal Youth Network for Sustainable Development |
| ३. | Human Rights Magna Meet | WHR |
| ४. | Regional Event to review and validate action plan on child labour and online sexual exploitation | SAIEVAC |
| ५. | Human Rights Solidarity Rally | NHRC/NGO Federation of Nepal |
| ६. | Human Rights Film Festival | Human Rights Film Center |
| ७ | Welcome event – Newly appointed Hon. MoWCSC | NCRC |
| ८. | Social Audit of Nepal Good Weave Foundation | Good Weave Foundation |
| ९. | Sharing of challenges faced in safe houses | SAATHI |
| १० | Nepal post GEN-Z movement "changes, challenges, and prospects." | CESIF Nepal |
| ११ | Dissemination of the Report on Caste and Gender Based Violence | FEDO |


कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२७
participation.consortium@gmail.com,
Consortium Nepal